फोन नं. ०१-४३७२७२५

# बूढानीलकण्ठ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

गोल्फुटार, काठमाडौं
३ नं. प्रदेश, नेपाल
(शिक्षा शाखा)

प.स. ०७४/७५
च.न. ३४

मिति: २०७५।०१।१०

**बिषय: छात्रबृति सम्बन्धमा।**

श्री सबै संस्थागत बिद्यालयहरु ,
बूढानीलकण्ठ नगरपालिका, काठमाडौ।

प्रस्तुत बिषयमा बूढानीलकण्ठ नगरपालिकाको मिति २०७५।०१।१० को निर्णय अनुसार अर्को व्यवस्था नभएसम्मका लागि यस नगरपालिका भित्र सञ्चालित सम्पूर्ण संस्थागत बिद्यालयहरुले उपलब्ध गराउने छात्रवृत्ति सम्बन्धमा संम्बन्धित वडा कार्यालयको सिफारिश लिई बिद्यालयले प्रति कक्षा कूल बिद्यार्थी संख्याको १० प्रतिशतमा नघट्ने गरी जेहन्दार, विपन्न, अपाङ्ग, महिला, दलित, वा जनजाति, शहिद परिवारका बालबालिका, जनआन्दोलनका घाईतेका सन्ततिलाई प्राथमिकता दिने गरी बिद्यार्थी / अभिभावकबाट यसै पत्र साथ संलग्न निवेदनको ढाँचा अनुरुप निवेदन लिई शिक्षा बिभागको संस्थागत बिद्यालय छात्रवृत्ति वितरण कार्यविधि २०७४को ४.२.१ को विद्यालय तहको छात्रवृत्ति वितरण समितिको निर्णायनुसार तपसिल बमोजिम छात्रवृत्ति वितरण कार्य गर्न गराउनहुन निर्णयानुसार अनुरोध छ।

नवराज नेपाल
शाखा अधिकृत
२०७५।१।१०

तपसिल:

- छात्रबृत्तिका लागि सुचना प्रकासन तथा निवेदन संकलन २०७५ बैशाख २५ सम्म।
- छात्रबृतिको नतिजा विद्यालय छात्रवृत्ति वितरण समितिको निर्णय पश्चात प्रकाशन गर्नुपर्नेछ।
- छात्रवृत्ति वितरणको विवरण २०७५ जेष्ठ मसान्त सम्म नगरपालिका शिक्षा शाखामा अनिवार्य रुपमा उपलब्ध गराउनुपर्नेछ।

*नोट: थप जानकारीका लागि नगरपालिकाको वेभसाईट www.budhanilkanthamun.gov.np मा हेर्न सकिने छ।*

**छात्रवृत्ति वितरणका लागि देहाय बमोजिमका विद्यार्थीहरुलाई प्राथमिकता दिनुपर्ने:**

१) विद्यार्थीको परिवारको कुनै पनि सदस्यको नोकरी, व्यापार, व्यवासय र आय-आर्जनको व्यवस्था नभई जीवन निर्वाह गर्न न्यून्तम आवश्यक पर्ने आम्दानी नभई अनिवार्य शिक्षाको लागि आवश्यक पर्ने पाठ्यपुस्तक तथा कापी कलम जस्ता स्टेशनरी उपलब्ध गराउन नसक्ने अवस्थामा रहेको,

२) भूमि संम्बन्धी ऐन, २०२१ बमोजिम जग्गावालाको हैसियतले राख्न पाउने अधिकतम हदवन्दीको तराई तथा उपत्यका, पहाडी र हिमाली क्षेत्रमा क्रमश: पाँच, दश र पन्ध्र प्रतिशत भन्दा कम खेती योग्य जग्गा रहेको।

३) आधिकारिक निकाय वाट परिभाषित भए बमोजिम निरपेक्ष गरिबिको रेखामा पर्ने र सो भन्दा कम आम्दानी भएको,

४) अपाङ्गता भएका बालबालिका।

**अभिभावकहरुले देहाय बमोजिमका कागजातहरु संलग्न गरी मिति २०७५।०१।२५ सम्म आप्नो बसोबास रहेको सम्बन्धित वडा कार्यलय बाट सिफारिस लिई सम्बन्धित विद्यालयमा निवेदन दिनुपर्नेछ।**

१) अभिभावकको स्थायी ठेगाना भएको सम्बन्धित स्थानीय तहको सिफारिश पत्र,

२) विद्यार्थी भर्ना भएको प्रमाण पत्र,

३) अभिभावकको नागरिकताको फोटोकपी,

४) छात्रवृत्ति माग गरेको कक्षा भन्दा तल्लो कक्षाको मार्कसिटको फोटोकपी,

५) अपाङ्ग अभिभावक वा अपाङ्ग विद्यार्थीको हकमा नीजको अपाङ्ग परिचयपत्रको फोटोकपि,

६) दलित, जनजाती र पिछडीएको वर्गको हकमा सम्बन्धित आधिकारिक निकायबाट प्रदान गरिएको प्रमाणपत्र वा सिफारिश पत्र,

७) शहिद द्धन्द्धपीडित र जन आन्दोलनका धाइतेको हकमा नेपाल सरकारबाट प्राप्त भएको प्रमाणको फोटोकपी।

छात्रवृत्तिका लागि अभिभावक / बिद्यार्थीले आवेदन दिने ढाँचा:

| | |
|---|---|
| बिद्यार्थीको नाम थर: | |
| बिद्यार्थी हाल बसोबास गर्दै आएको ठेगाना | क) प्रदेश नं:<br>ख) जिल्ला:<br>ग) महानगरपालिका/ नगरपालिका/गाउँपालिका: |
| अभिभावकको नाम थर तथा पेशा: | क) बाबुको नाम थर :<br>ख) पेशा:<br>ग) आमाको नाम थर:<br>घ) पेशा: |
| बिद्यार्थि वा निजको अभिभावकको मोबाईल नं: | |
| यस अधि कुनै छात्रवृत्ति पाए नपाएको: | |
| आवेदन दिन चाहने कक्षा: | |
| अधिल्लो कक्षाको उत्तीर्ण प्रतिशत वा GPA | |
| एकाघर वा सगालोमा रहेको परिवारको कुनै सदस्यको नोकरी भए वा नभएको: | |
| गरिवी परिवार परिचय पत्र वा शिफारिस भए नभएको: | |
| भूमि संम्बन्धी ऐन, २०२१ बमोजिम जग्गावालाको हैसियतले राख्न पाउने अधिकतम हदवन्दी, तराई तथा उपत्यका, पहाडी र हिमाली क्षेत्रमा क्रमश: पाँच, दश र पन्ध्र प्रतिशत भन्दा कम खेती योग्य जग्गा रहेको वा नरहेको | |

आफुले कुन समूहबाट आवेदन दिन चाहेको हो रेजा चिन्ह लगाउनुहोस ।

| | | | |
|---|---|---|---|
| क) जेहेन्दार | ख) विपन्नता | ग) महिला | घ) अपाङ्गता |
| ङ) दलित | च) जनजाति | छ) जनआन्दोलका धाईते | ज) वेपत्ता परिवार |
| झ) मधेश आन्दोलनको घाईतेको सन्तती | | | ञ) शहिद परिवार |

माथि उल्लेखित व्यहोरा ठिक साँचो छन , फरक परे कानुन बमोजिम सहूँला, बुझाउँला।
आवेदक/ अभिभावकको दस्तखत:
मिति:
हाल अध्यनरत विद्यालयको नाम ठेगाना:
मिति:

**आवेदन साथ पेश गर्नुपर्ने कागजातका विवरण:**

१) अधिल्लो कक्षा उत्तीर्ण गरेको मार्कसिटको प्रतिलिपि,
२) जनजाति, दलितको हकमा सम्बन्धित आयोग वा जिल्ला प्रशासन कार्यलयको सिफारिशको प्रतिलिपि,
३) वेपत्ता परिवार, शहिद, जनआन्दोलनको घाइते, मधेश आन्दोलनका घाइतेको हकमा गृह मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिश पत्रको प्रतिलिपी,
४) विपन्नता वा गरिवीको हकमा सहकारी तथा गरिवी निवारण मन्त्रालयको गरिवी परिचय पत्रको प्रतिलिपि वा सो नभएको अवस्थामा स्थानीय तहले व्यहोरा खुलाई दिएको सिफारिशको सक्कलै पत्र।

*नोट: थप जानकारीका लागि नगरपालिकाको वेभसाईट www.budhanilkanthamun.gov.np मा हेर्न सकिने छ।*

बुढानीलकण्ठ नगरपालिका
शिक्षा शाखा
३ नं. प्रदेश, नेपाल